*जगन्नाथ गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को नीति तथा कार्यक्रम*

गाउँपालिका उपाध्यक्ष ज्यु,
उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

अब,म यस जगन्नाथ गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

१.आर्थिक वर्ष ०७७/०७८ का लागी तयार पारिएको नीति तथा कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष,वडा अध्यक्ष,कार्यपालिका सदस्य, वडा सदस्य,गाउँपालिकाका कर्मचारीहरु,स्थानिय रुपमा सक्रिय सम्पुर्ण राजनैतिक दलहरु,नागरिक समाज,शिक्षा प्रेमी,समाजसेवि,शिक्षक,पत्रकार लगाएत सम्पुर्णको सुझावलाई ध्यानमा राखि यो निति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२.उपलब्ध वित्तिय स्रोतको वितरण आवश्यकता,सामावेशिता,समन्यायिकता एवं समानुपातिक ढंगले गरिनेछ ।

३.हाम्रा नीतिहरु प्रगतिशिल र नवपरिवर्तनलाई प्रोत्साहित गर्ने किसिमका हुनेछन् ।विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपुर्ण नीति तथा कानुनलाई पुर्णता दिईनेछ ।आवश्यकता अनुसार नयाँ नीति र कानुनको निर्माण गरिनेछ । संस्थागत संरचनालाई सक्षम बनाईनेछ ।

आगामी आर्थिक वर्षमा गाउँपालिकामा क्षेत्रगत रुपमा अपनाईने वार्षिक नीति तथा कार्यक्रमलाई वाचन गर्न गईरहेकोछु ।

## (१) कृषि तथा पशुपालन व्यवसाय

१। एक घर एक करेशा बारीको अवधारणालाई कार्यान्वयन गरिनेछ। मौसमी तथा बेमौसमी तरकारी खेतीमा जोड दिइनेछ।

२। कृषि क्षेत्रको आधुनिकिकरण र उत्पादनमा वृद्धि गर्दै एक गाउँ,एक उत्पादनको नीति अनुरुप वडा नं ५,लाई कागती र सुन्तला,वडा नं ३,तरकारी खेति,वडा नं २,स्याउ र वडा नं १, मा स्याउ तथा सिमि पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

३। कृषि तथा कृषिजन्य उत्पादनको विविधिकरण,कृषि प्रविधिको उच्च प्रयोगमा जोड दिने र कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभूति गरिनेछ।

४। बाँझो जग्गा,खेतबारीका कान्ला र आलीमा समेत दलहन,तरकारी,फलफुल र अन्य बिरुवा लगाउन कृषकहरुलाई अभिप्रेरित गरिनेछ।

५। बाँझो जग्गाहरुको लगत संकलन गरी सामुहिक र करार खेतीलाई प्रोत्साहन गरिनेछ।

६। रैथाने बालीको जर्गेना,विऊ उत्पादन र संरक्षणका लागि विऊ विकास वैंकको स्थापना गरिनेछ।

७। उन्नत जातको स्याउ र ओखर खेतिको बिस्तार,उत्पादित स्याउको भण्डारणका लागि कोल्ड स्टोर स्थापना गरिनेछ । बजारिकरणका लागि आवश्यक प्रविधिहरु भित्रयाउनेछ।

८। स्याउ,केरा,ओखर,किवि,सुन्तला,अनार र कागति खेतीलाई व्यवसायिक रुपमा बिस्तार गर्नका लागि युवालाई प्रोत्साहित गरिनेछ।

९। व्यवसायीक रुपमा कृषि फार्म दर्ता गरेर २०० बोट फलफुलका बिरुवा र ५ पाथि भन्दा बढी जग्गामा तरकारी खेति गर्ने किसानलाई प्रविधि हस्तान्तरणमा अनुदानको व्यवस्था गरिनेछ।

१०। भकारो सुधार,गोठेमल व्यवस्थापन र व्यवसायीक तरकारी खेति गर्ने किसानलाई अनुदानको व्यवस्था गरिनेछ।

११। व्यवसायीक रुपमा फार्म दता गरि बाखा,भेडा,गाई,भैसी पाल्ने किसानलाई गोठ सुधारमा अनुदानको व्यवस्था गरिनेछ।

१२। दुधको अभावलाई पुर्ति गर्नका लागि उन्नत जातका गाई र भैसी पाल्नका लागि ए.आई प्रविधिको लागि प्रदेश सरकार र संघिय सरकारलाई अनुरोध गरिनेछ।

१३। पशुधन बिमा कार्य शुचारु रुपले संचालन लागि संम्वन्धित निकाय संग समन्वय र पशुधनको बिमा गर्न तर्फ उत्प्रेरीत गरिनेछ

जगन्नाथ गाँउपालिकाको आर्थिक बर्ष २०७७।२०७८ को नीति तथा कार्यक्रम

१४। गाँऊपालिका भित्र पशु स्वाथ्य शिविर,औषधि-उपकरण,आबश्यक सामाग्रीहरु सहज र सुपथ मुल्यमा समुदायमा आपुर्तिक व्यवस्था मिलाउनेछ।

१५। कृषकको लागतको आधारमा उत्पादनको उचित मुल्य प्राप्त गर्ने गरि कृषि उपजको बजारीकरणका लागि समन्वय गरिनेछ।

१६। कोभिड १९ का कारण भारत लगायत तेस्रो मुलुकबाट आफ्नो घर फिर्ता हुने क्रम जारी छ। उनिहरुको ज्ञान,स्थानिय सीप र क्षमताका आधारमा रोजगारी गुमेका कारणले विदेशबाट फर्की आएका र बेरोजगार नागरिकको पहिचान गरि तिनीहरुलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा परिचालन गरि रोजगारी प्रदान गर्ने नीति अँगिकार गरिनेछ।

## (२) शिक्षा

१। वालविकास,आधारभुत र माध्यामिक विद्यालयको शैक्षिक र भौतिक पुर्वाधारमा जोड दिइनेछ।

२। वालवालिकाको शारीरिक,मानसिक र संवेगात्मक विकास गर्न विद्यालय स्तरमा खेलकुद,सह क्रियाकलाप र योग शिक्षा सञ्चालन गरिनेछ।

३। शिक्षाको गुणस्तर सुधार्नका लागि प्रत्येक विद्यालयमा ग्रेड टिचिङ्ग,कक्षा कोठा भित्रको गुणस्तर सुधारमा जोड र अनुगमनलाई निरन्तरता दिइनेछ।

४। माध्यमिक विद्यालयलाई सूचना,सञ्चार र प्रविधि सँग जोडन विज्ञान प्रयोगशाला,पुस्तकालय र इन्टरनेट जडानका लागि पहल गर्नुका साथै तिन वटा माद्यमिक विद्यालय,दुई वटा नि.मा.वि.मा कम्पुटर शिक्षक र गुरुकुलमा स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ।

५। सामुदायीक अध्ययन केन्द्रहरुको स्तर वृद्धि गरी युवा सुचना केन्द्रलाई पुस्तकालयको रुपमा विकास गरिनेछ।

६। विद्यालयको शैक्षिक गुणस्तर सुधार,अतिरिक्त कक्षा संचालन र शिक्षकहरुलाई पेशागत तालिमको व्यवस्था गरिनेछ।

७। एस.इ.ई.मा उत्कृष्ठ अंक ल्याउने विद्यार्थी,शिक्षक र विद्यालयलाई गाउपालिका बाट सम्मान सहित पुरस्कारको व्यवस्था गरिनेछ।

८। माद्यमिक विद्यालयमा प्राविधिक धारको शिक्षा संचालनका लागि बजेटको व्यवस्था गरिनेछ।

९। कोभिड -१९ का कारण वालवालिकामा पर्न गएको मनोवैज्ञानिक असरलाई कम गर्न विद्यालयमा कोराना फोकल शिक्षक तोकिनुका साथै क्वारेन्टाइन बनाइएका विद्यालयलाई स्यानिटाइजर गरेर मात्र पठन पाठन संचालन गरिनेछ।

१०। नेपाल सरकारको नीति अनुरुप समायोजन हुन चाँहने विद्यालयलाई समायोजनका लागि सहजिकरण गरिनेछ।

११। आधारभुत तहका विद्यालयमा विद्युतिय हाँजिरी जडान गरिनेछ।

१२। स्थानिय भाषा,साहित्य,कला,संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धन गरिनेछ।

## (३) स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापन

१। स्वास्थ्य सेवाको पहुच बाट टाढा रहेका वस्तीहरुमा विषेशज्ञ सहितको स्वास्थ्य शिविर र मेडिक मोवाइल सेवा संचालनका लागि पहल गरिनेछ।

२। वडा नं २ र ६ मा प्रसुतिगृहको भवन निमाण भएको हुँदा यसै आर्थिक बर्ष बाट संचालनमा ल्याइने छ।

३। समाजमा कुप्रथाका रुपमा रहेको छाउपडी र सुत्केरी प्रथाका बारेमा जनचेतना जगाउन स्वास्थ्य कर्मी द्धारा हप्तामा एक दिन विद्यालय र समुदायमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

४। क्यान्सर,मुटु र मृगौला रोगीहरुको तथ्यांक संकलन गरी उपचारका लागि नेपाल सरकार र सम्बन्धित निकाय संग समन्वय गरि आवश्यक उपचारका लागि सहयोग गरिनेछ।

५। स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार,वालवालिका,सुत्केरीलाई पोषण आहार भत्ता र स्वास्थ्य स्वयं सेविकालाई कार्य सम्पादनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गरिनेछ ।

६। स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

७। कोभिड-१९ को रोकथाम तथा उपचारका लागि समुदाय स्तरमा छापा,विद्युतिय र समुदाय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

८। महाँमारीको बेला अग्रभागमा खटिने स्वास्थ्यकर्मीको मनोवल वृद्धि गर्नका लागि क्वारेन्टाइन र आइसोलेशनमा खटिने कर्मचारीहरुका लागि प्रोत्साहन भत्ताको व्यवस्था गरिएकोछ ।

९। करारमा भर्ना गरिएका स्वास्थ्य इकाईका कर्मचारीहरु (अ.हे.व.,अ.न.मि.र स्वीपर) को २० प्रतिशत भन्दा बढि तलब वृद्धि गरिएकोछ ।

१०। गाँउपालिका भित्र १५ शैयाको अस्पताल स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

## (४) सडक तथा यातायात

१। प्रत्येक वडालाई गाउँपालिका संग जोडनका लागि सडकको स्तरोउन्नती र सडक नपुगेका वडाहरुलाई सडक संजालमा जोडिने नीति लिइनेछ ।

२। जगन्नाथ गाँउपालिकाको बेर्मा देखि बडीमालिका सम्मको पर्यटकिय सडक निमार्ण कार्यलाई निरन्तरता दिइनेछ ।

३। सडक पुगेका वडा कार्यालय सम्म यातायात संचालनका लागि पहल गरिनेछ ।

## (५) खानेपानी,सरसफाई तथा ढल निकास

१। गाउँपालिका भित्र नागरकिलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध गराउनका लागि एक घर एक चर्पी,एक धारा,जुठयान र चाङ्को नीति पुर्ण रुपमा लागु गर्नुका साथै ३ वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ ।

२। प्रत्येक विद्यालयमा वालमैत्री धारा सहित स्वच्छ खानेपानी र शौचालयको व्यवस्था गरिनेछ ।

३। धार्मीक स्थलहरुमा सार्वजनिक शौचालय र खानेपानीको व्यवस्था गरिनेछ ।

४। खानेपानीको मुहान दर्ता,संरक्षण,मर्मत सम्भार कोष र मासिक शुल्कको व्यवस्था गर्नुका साथै खानेपानी योजनामा खानेपानी सुरक्षा योजना अनिवार्य रुपमा लागु गरिनेछ ।

५। पिलुचौर र जुङ्गीमा बजार बिस्तार भएका कारण फोहरमैला व्यवस्थापनका लागि डम्पिङ्ग क्षेत्रको सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाउनेछ ।

## (६) वन तथा वातावरण

१। प्राविधिक टोली द्वारा वनको नाप जाँच तथा राष्ट्रिय,कबुलियती वन र सामुदायीक वनको नक्साङ्कन गरिनेछ ।

२। जडीबुटीको अध्ययन अनुसन्धान,जडीबुटी खेति,प्राकृतिक स्रोतको उपयोग र वातावरण संरक्षण गरिनेछ ।

३। वन पैदावारको संरक्षण र विस्तारमा जोड दिई दिगो वन व्यवस्थापन र वनमा आधारित उद्योगहरूको प्रवर्द्धन गरिनेछ ।

४। राष्ट्रिय वन,सामुदायीक वन,धार्मिक वन,कबुलियती वन,नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

५। राष्ट्रिय तथा सामुदायीक बनको जग्गा अतिक्रमण,खोरिया खन्ने,अबैध चोरी शिकारी,काठ काट्ने,जडीबुटी निकाशी गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

६। "हरियाली वढाँऊ,खडेरीबाट मुक्त होऔं"भन्ने नारालाई कार्यान्वयन गर्न खाली जग्गामा अनिवार्य वृक्षारोपण ग सामुदायीक वनहरुलाई प्रोत्साहन गर्नुका साथै वातावरण संरक्षणका लागि जलबायु परिवर्तन अनुकुलनका कार्यक्रम संचालनका गरिनेछ ।

### (७) उर्जा तथा जल विद्युत

१। नविकरणीय,जैविक र वैकल्पिक ऊर्जा प्रविधिको विकास तथा उपयोगमा अभिवृद्धि गरिनेछ ।

२। जुड्डी,भुकाँखोला र बड्डीगाड लघु जलविद्युत योजनाको स्तरोउन्नती गरि विद्युत सहकारी गठनका लागि आवश्यक प्रक्रिय अगाडी बढाइनेछ ।

३। विद्युत समितिको लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि सफ्टवेयर सिस्टम र डिजिटल मिटर रिडिङ्का लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

४। घरभित्रको धुवा न्यूनिकरण लागि सुधारिएको चुलो जडान कार्यलाई अभियानको रुपमा संचालन गर्न विभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ ।

### (८) खानी तथा उद्योग

१। घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि उद्योगहरुको विकास र विस्तारमा ज़ोड दिइ आर्थिक रुपमा आत्मनिर्भर बन्ने नीति अवलम्बन गरिनेछ ।

२। घरेलु तथा कुटिर उद्योग स्थापना गर्ने व्यक्ति र फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियाका लागि प्रोत्साहन गरिनेछ ।

३। संघिय सरकार बाट प्राप्त रकमलाई कृषिमा आधारित उद्योग स्थापना र संचालनका लागि लघु,घरेलु,साना तथा मझौला उद्योगहरलाई लागि प्रोत्साहन गरिनेछ ।

४। परम्परागत सीप,(मूर्तीकला,हस्तकला र काष्ठकला आदि) को जगेर्ना गर्दै परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवाहरूमा अभिरूचि वढाई त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

### (९) संस्कृति प्रर्बद्धन तथा पर्यटन

१। पुरातत्व विभाग संग समन्वय गरि पिलुचौर पादुका क्षेत्रको गुरु योजना र कर्णालीमा जल पर्यटनको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

२। समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक र साँस्कृतिक चाडपर्वहरु मनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

### (१०) बैंक तथा बित्तिय संस्थाहरु

१। गाँउपालिकामा संचालनमा रहेका सहकारी र बचत समुहलाई अनुगमनको दायरामा ल्याइनेछ ।

२। स्थानिय उत्पादन बृद्धि,रोजगारी सृजना र गरिवी न्युनिकरण गर्न सहकारी क्षेत्रको प्रर्बद्धन गरिनेछ ।

३। प्रत्येक व्यक्तिको बैंक खाता अनिवार्य रुपमा लागु गरिनेछ ।

४। गाँउपालिका बाट भुक्तानी हुने उपभोक्ता समिति,सप्लायर्स र फर्महरुको भुक्तानी एकान्ट पेई चेक मार्फत गरिने व्यवस्था मिलाइनेछ ।

५। सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्ति,प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष रोजगार कार्यक्रममा समेटिएका व्यक्तिहरुले बैक खाता अनिवार्य गरिनेछ ।

### (११) युवा तथा खेलकुद

१। संघिय सरकारको मर्म बमोजिम गाँउपालिकाले अध्यक्ष रोजगार कार्यक्रममा १८० जना युवायुवतिहरुलाई ९० दिनको रोजगार उपलब्ध गराइनेछ ।

२। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १०० जना युवायुवतिहरुलाइ १०० दिनको रोजगारी र व्यावसायीक तालिम प्रदान गरिनेछ ।

३। प्राविधिक शिक्षालय र अन्य निकाय संग समन्वय गरि युवाहरुलाई सवारी साधन मर्मत,मोवाइल मर्मत,हाउस वाइरिङ्ग,प्लम्बिङ,सिलाइ,कटाई र बुनाइ तालिम संचालन गरिनेछ ।

४। युवाहरूमा श्रमप्रति सम्मानको भावना विकास गर्दै युवा उधमशीलताको विकास गरिनेछ ।

५। युवाहरूमा अर्न्तरनिहित प्रतिभाहरूको विकास गर्न साहित्य,संस्कृति,कला,सङ्गीत खेलकुद,विज्ञान तथा प्रविधिका क्षेत्रमा प्रोत्साहन गरिनेछ ।

६। छुवाछुत,दाइजो,हलिया,खलिया प्रथा जस्ता कुरीति,अन्धविश्वास,भ्रष्टाचार र सामन्ती चिन्तनवाट ग्रसित संस्कृतिका विरूद्ध युवालाई परिचालन गरिनेछ ।

७। राज्यमा आइपर्ने विपत्ति,दुर्घटना तथा आपतकालीन अवस्थामा उद्धार गर्न युवा परिचालन गरिनेछ ।

८। उच्च शिक्षामा अध्ययन गरिरहेका र अध्ययन गरिसकेका इच्छुक प्रतिभाशाली युवाहरूलाई सामाजिक सेवामा युवा स्वयंसेवकलाई परिचालन गरिनेछ ।

### (१२) सूचना तथा संचार

१। गाँउपालिका र वडा कार्यालयहरुमा ईन्टरनेट सेवा संचालनका लागि नेपाल टेलिकम संग समन्वय गरी सेवा संचालनका लागि पहल गरिनेछ ।

२। गाउपालिमा विद्युतिय स्रोत मार्फत सेवालाई प्रभावकारी बनाई भष्ट्राचार नियन्त्रण र सुशासन कायम गर्नका लागि पहल गरिनेछ ।

३। गाँउपालिकामा भए गरेका क्रियाकलापहरु विभिन्न विद्युतिय साधन मार्फत सार्वजनिकीकरण गरी पारदर्शिता र जबाफदेहितामा अभिबृद्धि गरिनेछ ।

४। सुचना माग्ने र पाउने आम नागरिकको अधिकारलाई आत्मसाथ गरि गाँउपालिकाले आफ्ना गतिबिधिहरुलाई सुचनापाटी,स्थानीय पत्रपत्रिका,ओइभ साईट,एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाउनेछ ।

### (१३) विपद व्यवस्थापन

१। गाँउपालिका क्षेत्र भित्र जोखिममा रहेका बस्तीहरुलाई स्थानतन्तरणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

२। गाँउपालिकाको विपद जोखिम योजना तयारी,विपद जोखिम व्यवस्थापन कोषको व्यवस्था र मापदण्डका आधारमा राहत वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

३। बाढी,पहिरो,आगलागी,सुक्खा खडेरी जस्ता प्राकृतिक विपत्तीबाट उद्धार गरी तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाईटी,नेपाली सेना संग समन्वय गरी उद्धार,प्राथमिक उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

४। गाँउपालिका स्तरीय बिपद् व्यवस्थापन योजना तयारीका लागि सरोकारवाला निकाय संग समन्वय गरिनेछ ।

५। प्राकृतिक प्रकोपहरूबाट हुने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्थापनका उपायहरू अवलम्बन गरिनेछ ।

## (१४) अनुगमन तथा मुल्याङकन

१। विषयगत अनुगमन समितिको गठन,अनुगमन सुचक निर्माण,बार्षिक अनुगमन योजना तयार गरि प्रभावबकारी रुपमा लागु गरिनेछ ।

२। गाँउपालिकामा कार्यरत सरकारी तथा गैह सरकारी संघसस्थाका कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ ।

३। भष्ट्राचार न्युनीकरण गर्न,फजुल खर्च रोक्ने,वित्तिय अनुशासन कायम गर्ने लगायत जनप्रतिनिधी तथा सरोकारवालाहरुको रोहबरमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

४। हरेक योजनाको फोटो सहितको स्थलगत अनुगमन प्रतिवेदन,सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण पछि मात्र भुक्तानी दिने व्यवस्था मिलाईनेछ । उत्कृष्ठ काम गर्ने उपभोक्ता समितिलाई गाँउपालिका बाट पुरुस्कारको व्यवस्था गरिनेछ ।

५। मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्रिबितरणमा बजार अनुगमन,नियमन गर्नुका साथै करको दायरा बढाइनेछ ।

## (१५) लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण

१। दलित,महिला,जेष्ठ नागरिक,फरक क्षमता भएका,बालबालिका,एकल महिलाहरुका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२। बाल विवाहलाई न्युनिकरण गर्नका लागि समुदाय र विद्यालयमा सचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३। बाल समुह मार्फत बालबालिकाको चौतर्फी बिकासका लागि प्रतियोगितात्मक,मनोरञ्जनात्मक र शाहसिक कार्यक्रमहरु संचालन गरिनेछ ।

४। बालमैत्री स्थानीय शासन अनुरुपका कार्यक्रम संचालन गरी वडा तथा गाँउलाई बालमैत्री घोषणा गर्नका लागि बालमैत्री वडा घोषणा गर्ने वडालाई गाँउपालिका बाट प्रोत्साहन गरिनेछ ।

५। छाउपडी प्रथालाई सामाजिक अपराधको रुपमा लिई छाउपडी गोठमुक्त गाँउपालिका घोषण गरिनेछ ।

६। जोखिममा रहेका अनाथ र असहाय बालबालिकाको संरक्षणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

७। लैङ्गिक हिंसामुक्त गाँउपालिका घोषणाका गर्नका लागि आवश्यक नीति तथा कार्यक्रम तयार गरी लागु गरिनेछ ।

८। न्यायिक समितिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

९। ग र घ बर्गका अपाङ्ग परिचय पत्र पाएका व्यक्तिलाई मासिक रु ३०० र २०० का दरले अपाङ्ग भत्ता उपलब्ध गराइनेछ ।

## (१६) संस्थागत बिकास,सेवा प्रवाह र सुशासन

१। गाँउ कार्यपालिका,वडा कार्यालय,बिषयगत शाखा कार्यालयहरुका कर्मचारीहरुको कार्य विवरणका आधारमा सेवाग्राही प्रति उत्तरदायी हुन कर्मचारीको आचार संहितालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

२। कर्मचारीहरुको क्षमता बिकासका लागि समय सापेक्ष बिभिन्न तालिम गोष्ठी संचालन गरिनेछ ।

३। कर्मचारीको कार्य सम्पादन मुल्याङ्कनका आधारमा उत्कृष्ठ काम गर्नेलाई पुरुस्कृत र गल्ती गर्नोई दण्डित गरिनेछ ।

## (१७) विविध

१। आन्तरिक आयलाई सवल बनाउन राजश्वमा सुधार गरी सहज,सरल,सर्बसुलभ र करदाता मैत्री वातावरण तयार गरिनेछ ।

२। आन्तरीक आय बृद्धि गर्नका लागि राजश्व/करका बिभिन्न क्षेत्रहरुको पहिचान गरि बजार अनुगमनलाई निरन्तरता दिइनेछ ।

३। टेलिफोन टावर,सार्वजनिक स्थानमा राखिएका होडिङ बोर्ड,टहरा र संचार माध्यममा बिज्ञापनमा कर लगाईनेछ ।

४। नदि किनाराको छेउछाउका रहेका ढुङ्गा,टिट्टी र बालुवा उत्खननलाई निरुत्साहित गरि आइ.इ.ई गरेर ठेक्का प्रक्रिया मार्फत गाँउपालिकाको आन्तरिक आम्दानी बढाइनेछ ।

५। मदिरा नियन्त्रणलाई कडाइका साथ लागु गरिनेछ ।

६। गाँउपालिका भित्र रहेका सुकुम्बासीहरुको लगत संकलन गरिनेछ ।